**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि कर्नाटक र तमिलनाडुको तीन दिने भ्रमणमा रहनुहुनेछ ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज चीनको तियानजिनमा शंघाई सहयोग संगठन शिखर सम्मेलनको पूर्ण सत्रलाई सम्बोधन गर्नुको साथै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ ।

३. केन्द्रीय गृहमन्त्री अमित शाह हालै भएको प्राकृतिक आपदाको आकलन र उद्धार तथा राहत कार्यहरुको समीक्षा गर्न आज जम्मू जाँदै जानुहुनेछ।

४. केंद्रले तीन राज्यहरु र केंद्र शासित प्रदेशमा क्षयक्षतिको आकलन गर्नका लागि अंतर मंत्रालयी केंद्रीय दल बनाएको छ।

५. मौसम विभागले आज हिमाचल प्रदेश र उत्तराखण्डका केहि स्थानहरुमा मुसलधारे वर्षाको रेड अलर्ट जारी गरेको छ।

**राष्ट्रपति-कर्नाटक**

राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि कर्नाटक र तमिलनाडुको तीन दिने भ्रमणमा रहनुहुनेछ । भ्रमणको क्रममा उहाँले आज मैसूरस्थित अखिल भारतीय वाक् श्रवण संस्थानको हीरक जयन्ती समारोहमा सहभागीता जनाउनु हुनेछ। यस्तै राष्ट्रपति द्रौपदी मुर्मूले भोली चेन्नईमा सिटी युनियन बैंकको १२० औं स्थापना दिवस समारोहमा भाग लिनुहुनेछ भने थिरूवरूरस्थित तमिलनाडु केन्द्रीय विश्वविद्यालयको १० औं दीक्षान्त समारोहमा पनि सहभागीता जनाउनु हुनेछ ।

**पीएम- एससीओ शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज चीनको तियानजिनमा शंघाई सहयोग संगठन शिखर सम्मेलनको पूर्ण सत्रलाई सम्बोधन गर्नुहुनेछ । विदेश सचिव विक्रम मिश्रीले तियानजिनमा पत्रकारहरूसँग कुरा गर्दै प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा समूहभित्र क्षेत्रीय सहयोग बढाउने भारतको दृष्टिकोणको रूपरेखा प्रस्तुत गर्ने बताउनु भयो। पूर्ण सत्रलाई सम्बोधन गरेपछि प्रधानमन्त्री मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग द्विपक्षीय भेटवार्ता गर्नुहुनेछ । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका राष्ट्रपति सी जिनपिंगबीच भेटवार्ता भएको छ । वार्तामा दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा केन्द्रित रहेर छलफल भएको थियो ।

बाइट

यसैबीच विदेश सचिव विक्रम मिश्रीले प्रधानमन्त्री मोदीले द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन सीमा क्षेत्रमा शान्ति र स्थिरता कायम गर्नुपर्नेमा जोड दिनुभयो । दुई देशबीचको सम्बन्धका लागि सीमामा शान्ति आवश्यक रहेको प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपतिलाई स्पष्ट पार्नुभएको विदेश सचिवले जानकारी दिनुभयो ।

बाइट

**भारत जीडीपी**

केन्द्रीय मन्त्री किरेण रिजिजुले भन्नुभएको छ यस तिमाहीमा 7.8 प्रतिशतको प्रभावशाली जीडीपी वृद्धिले प्रमाणित गरेको छ कि प्रधानमन्त्री नरेन्द्र मोदी भन्दा राम्रोसित अर्थव्यवस्थाको प्रबंधन अरू कसैले गर्न सक्दैनन्। नयाँ दिल्ली स्थित भगवान बिरसा मुण्डा भवनमा बिरसा मुण्डाको प्रतिमा अनावरण गरेपछि पत्रकारहरूसितको कुराकानीमा श्री रिजिजुले भन्नुभयो विश्वका शीर्ष अर्थशास्त्रीहरूले प्रधानमन्त्री मोदीले भारतीय अर्थव्यवस्थालाई धेरै राम्रो तरिकाले चलाइरहेका भनिरहेका छन्।उहाँले भन्नुभयो भारतलाई आत्मनिर्भर बनाउन मेक इन इन्डियालाई बढ़ावा दिनु र स्वदेशी अपनाउनु आवश्यक छ।

**अमित शाह- जम्मू कश्मीर दौरा**

केन्द्रीय गृहमन्त्री अमित शाह आज जम्मू जाँदै हुनुहुन्छ। उहाँले हालैको बादल फाट्ने र बाढीबाट भएको क्षतिको आकलन गर्नका साथै उद्धार तथा राहत उपायहरूको समीक्षा गर्नुहुनेछ।गृहमन्त्रीले कटराको स्थितिको पनि समीक्षा गर्नुहुनेछ, जहाँ वैष्णो देवी यात्रा मार्गमा पहिरोका कारण कैयन मानिसहरूको मृत्यु भएको थियो।जम्मू पुगेपछि, श्री शाह सिधै राजभवन जानुहुनेछ र बाढी राहत उपायहरूबारे छलफल गर्न उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुहुनेछ। एक रिपोर्ट-

**गृहमंत्रालय - बाढ़ी**

यसैबीच, गृह मन्त्रालयले भारी वर्षा, बाढी, बादल फाट्ने र पहिरोबाट भएको क्षतिको आकलन गर्न हिमाचल प्रदेश, उत्तराखण्ड, पञ्जाब र जम्मू कश्मीरका लागि अन्तर-मन्त्रालयीय केन्द्रीय दलहरूको गठन गरेको छ। एक विज्ञप्तिमा, मन्त्रालयले भनेको छ गृहमन्त्री अमित शाहको निर्देशन, यी दलहरुले घटनास्थलमा गएर स्थितिको आकलन गर्नेछन् र सम्बन्धित राज्य सरकारहरूको राहत कार्यको समीक्षा गर्नेछन्। केन्द्रीय दलले हिमाचल प्रदेश, उत्तराखण्ड, पञ्जाब र जम्मू कश्मीरका बाढी र पहिरो प्रभावित जिल्लाहरूको भ्रमण गर्नेछ।प्रत्येक दलको नेतृत्व गृह मन्त्रालय वा राष्ट्रिय आपदा प्रबंधन प्राधिकरणका सहसचिव स्तरका अधिकारीले गर्नेछन्।कृषि तथा किसान कल्याण, जल शक्ति, विद्युत, सडक परिवहन एवम राजमार्ग तथा ग्रामीण विकास मन्त्रालय र व्यय विभागका वरिष्ठ अधिकारीहरू यी दलहरूमा सामेल हुनेछन्।वित्तीय वर्ष 2025-26 मा, केन्द्र सरकारले 24 राज्यहरूलाई तत्काल राहत प्रदान गर्न सक्षम बनाउन राज्य आपदा प्रबंधन कोषमा दश हजार करोड रुपियाँभन्दा बढी राशी जारी गरेको छ।

**मांडविया-प्रमाणपत्र**

युवा मामिला तथा खेलकुद मन्त्री डा मनसुख माण्डवियाले हिजो स्काउट, गाइड, रोभर र रेन्जर्सलाई राष्ट्रपति पुरस्कारको प्रमाणपत्र प्रदान गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै डा. माण्डवियाले देशको सेवा गर्ने आदर्शका आधारमा कुनै पनि व्यक्तिलाई समाजसेवामा उत्प्रेरित गर्न सकिने बताउनु भयो। उहाँले भारतीयहरूको मूल्यमान्यताले आफूलाई राष्ट्र र जनताको सेवाका लागि स्काउट र गाइडको हिस्सा बन्न प्रेरित गरेको बताउनु भयो।

**मौसम**

मौसम विभागले आज हिमाचल प्रदेश र उत्तराखण्डका केहि स्थानहरुमा मुसलधारे वर्षाको रेड अलर्ट जारी गरेको छ।विभागले आगामी दुई दिन पूर्वी राजस्थान, हरियाणा, चण्डीगढ, दिल्ली, जम्मू - कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबाद, ओडिशा, पञ्जाब र उत्तर प्रदेशका विभिन्न स्थानहरुमा भारी वर्षाको पूर्वानुमान गरेको छ।छत्तीसगढ़, आंध्र प्रदेश, कर्नाटक, गुजरात, महाराष्ट्र, केरल र माहे, कोंकण र गोवाका केहि भागहरुमा यस महीनाको 3 तारीख सम्म भारी वर्षा हुने संभावना छ। देशका पूर्वोत्तर भागहरुमा पनि आगमी 5 दिन सम्म यस्तै मौसम रहने संभावना छ।

**मौसम विभाग सितंबर बर्षा**

मौसम विभागले सेप्टेम्बर महिनामा सामान्यभन्दा अधिक वर्षा हुने पूर्वानुमान गरेको छ । भारतीय मौसम विज्ञान विभागको मासिक पूर्वानुमान रिपोर्टका अनुसार यस महिना देशका अधिकांश भागमा सामान्य वा सामान्यभन्दा अधिक वर्षा हुने सम्भावना छ । पूर्वोत्तर र पूर्वी भारतका केही भाग, दक्षिणी प्रायद्वीपका धेरै भाग र उत्तर भारतका केही भागहरूमा सामान्यभन्दा कम वर्षा हुने सम्भावना छ। मौसम विभागका अनुसार सामान्यभन्दा अधिक वर्षाले कृषि र पानीका स्रोतलाई फाइदा पुग्ने भए पनि बाढी पहिरोको जोखिम हुन सक्छ

**एलपीजी सिलेंडर**

व्यावसायिक रसोई गैस सिलेंडर आज देखि 51 रूपियाँ 50 पैसा सस्तो भएको छ। दिल्लीमा अब 19 किलोग्रामको एलपीजी सिलेंडर एक हजार पांच सय अस्सी रूपियाँमा पाईनेछ। तेल कम्पनीहरूले 14 किलो 200 ग्राम घरेलु एलपीजी सिलिन्डरको मूल्यमा कुनै परिवर्तन नभएको बताएका छन्।विशेज्ञहरूका अनुसार व्यावसायिक ग्यास सिलिन्डरको मूल्यमा भएको कटौतीले वाणिज्यिक उपभोक्ताहरूलाई राहत दिनेछ र रेस्टुरेन्ट, होटल र अन्य वाणिज्यिक प्रतिष्ठानहरूलाई प्रत्यक्ष लाभ हुनेछ।

**हकी भारत जीत**

बिहारको राजगीरमा एसिया कप हक्की च्याम्पियनसिपमा भारतले जापानलाई कडा मुकाबिलामा 3-2 ले पराजित गऱ्यो। यस जीतसगै भारतीय टीम सुपर-4 मा पुगेको छ। पहिलो म्याचमा चीनलाई पराजित गरेपछि यस दोस्रो जितले भारतले पूल ए को अंकतालिकामा पहिलो स्थान हासिल गरेको छ।आयोजक टीमका लागि कप्तान हरमनप्रीत सिंहले दुई गोल गरे भने मनदीप सिंहले एक गोल गरे।

**बांग्लादेश- महिला अधिकार**

बङ्गलादेशमा महिला राजनीतिक अधिकार मञ्चले राजनीतिक क्षेत्रमा महिलाको प्रतिनिधित्व बढाउन निर्वाचन सुधारको आह्वान गरेको छ। फोरमले संसद्को १०० आरक्षित सिटका लागि प्रत्यक्ष निर्वाचन हुनुपर्ने र प्रत्येक राजनीतिक दलले कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार लाई अनिवार्य रुपमा मनोनयन गर्नुपर्ने माग गरेको छ। ढाका रिपोर्टर्स युनिटीले आयोजना गरेको पत्रकार सम्मेलनमा फोरमका नेताहरूले हाल आरक्षित ५० सिटले महिलालाई प्रभावकारी राजनीतिक शक्ति दिन नसकेको बताए। फोरमले देशको जनसंख्याको आधाभन्दा बढी जनसंख्या भए पनि हाल संसद्मा महिलाको प्रतिनिधित्व ७ प्रतिशत मात्र रहेको र त्यसलाई बढाएर कम्तीमा ५० प्रतिशत पु¥याउनुपर्ने बताएको छ।

****** ० ******